# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २८ गते २०३३ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले गण्डकी अञ्चलाधीशको निवासस्थान निर्माण गर्नको लागि गण्डकी अञ्चल कास्की जिल्ला पोखरा नगर पञ्चायत वार्ड नं. ८ मा पर्ने पूर्व दुर्गादत्त बरालको पर्खालको सांध, पश्चिम पार्दीबाट सिमलचौरतर्फ जाने पिच सडक, उत्तर मुन्टी सन्यासिनी र बलभद्र गिरीको पर्खालको सांध, दक्षिण सिमलचौर (पिचरोडको कलभर्ट बाँसको भाँज) बाट नागढुङ्गा जाने कच्ची बाटो यति चारकिल्लाभित्रको जम्मा जग्गा रोपनी २३।७।३।१ (तेईस रोपनी सात आना तीन पैसा एकदाम) को जम्मा तिरो रू. ४।३७ (चार रूपैयाँ सैंतीस पैसा) लाग्ने सिमलचौर भन्ने जग्गा ६१ सालको जाँचको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. जि. मु. गुरूदत्तको जिम्मा झुत्ता अम्बर गिरीको दर्ता द. नं. ३१ को बीज ।।१।७ई को तिरो २० को कि. नं. ।१ को रोपनी ०।११।२।२ को खला — — — — — — १

२. ऐ. जिम्मा झुत्ता ऐ. के दर्ता द. नं. २० को बीज ।।३।६ को तिरो ।४० को कि. नं. २ को रोपनी १।०।०।१ को खला — — — — — — — — — — — १

३. ऐ. जिम्मा झुत्ता कृष्णलालको दर्ता द. नं. २० को बीज ।१।०।१ को तिरो रू. ६१ को कि. नं. ६ को रोपनी ५।१२।०।३ को खला — — — — — — — — — — १

४. ऐ. जिम्मा झुत्ता श्रीधरको दर्ता द. नं. ३ को बीज ।।२।४ को तिरो ।२८ को कि. नं. ६ को रोपनी २।१।२।२ को खला — — — — — — — — — — — — १

५. ऐ. जिम्मा झुत्ता अमर गिरीको दर्ता द. नं. ३ को बीज ।।१ को तिरो ।११ को कि. नं. ३ को रोपनी १।४।०।२ को खला — — — — — — — — — — १

६. ऐ. जिम्मा झुत्ता कृष्णलालको दर्ता द. नं. २४ को बीज ।।७।५ को तिरो ।८३ को कि. नं. ७ र ८ को रोपनी ६।६।३।१ को खला — — — — — — — — — — — १

७. रत्न गिरी जिम्मा झुत्ता छाँटीको दर्ता द. नं. २० को बीज ।१।२ को तिरो १।१० को कि. नं. १० को रोपनी ३।१।१।२ को खला — — — — — — — — — — १

८. गुरूदत्त जिम्मा झुत्ता अमर गिरीको दर्ता द. नं. ३१ को बीज ।।३।६ को तिरो ।४३ को कि. नं. ४ को रोपनी १।७।०।२ को खला — — — — — — — — १

९. ऐ. जिम्मा झुत्ता ऐ. को दर्ता द. नं. ३२ को बीज ।।१। को तिरो ।११ को कि. नं. ५ को रोपनी १।१०।३।२ को खला — — — — — — — — — — — १

आज्ञाले–

शेरबहादुर शाही

श्री ५ को सरकारको सचिव

6600 660 (१४) 93

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।